# गाउँपालिका स्तरीय आदिवासी जनजाती समन्वय समिति (गठन तथा सञ्चालन) कार्यबिधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०७/२१

**प्रस्तावना :**

गाउँपालिका भित्र छरिएर रहेका सबै बर्ग र क्षेत्रका आदिवासी जनजातिहरुको आर्थिक, सामाजिक, कानुनी अधिकार, प्राकृतिक स्रोत साधनको समान उपयोगिता तथा उनीहरुको ऐतिहासिक थाक थलो तथा धर्म, साँस्कृतिक सम्पदालाई अतिक्रमण र खण्डिकृत हुनबाट संरक्षण सम्बर्द्धन गर्नका लागि गाउँपालिका स्तरीय आदिवासी जनजाती समन्वय समिति गठन र संचालनका लागि कानूनी व्यबस्था गर्न वाञ्छनीय भएकोले,

चुलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले **गाउँपालिका स्तरीय आदिवासी जनजाती समन्वय समिति (गठन तथा सञ्चालन) कार्यबिधि, २०७९** स्वीकृत गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यबिधिको नाम **गाउँपालिका स्तरीय आदिवासी जनजाती समन्वय समिति (गठन तथा सञ्चालन) कार्यबिधि, २०७९** रहेको छ ।

(२) यो कार्यबिधि गाउँ कार्यपालिकाबाट स्वीकृत स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

(३) यस समन्वय समितिको कार्यालय इलाम जिल्ला चुलाचुली गाउँपालिका वडा नम्बर ४ मा रहनेछ ।

(४) यस समन्वय समितिको कार्यक्षेत्र चुलाचुली गाउँपालिका हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **'कार्यबिधि'** भन्नाले गाउँपालिका स्तरीय आदिवासी जनजाती समन्वय समिति (गठन तथा सञ्चालन) कार्यबिधि, २०७९ सम्झनु पर्दछ ।

(२) **'समन्वय समिति'** भन्नाले कार्यबिधि बमोजिम गठन हुने आदिवासी जनजाती समन्वय समिति सम्झनु पर्दछ ।

(३) **'पदाधिकारी'** भन्नाले कार्यबिधि बमोजिमको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(४) **'सदस्य'** भन्नाले कार्यबिधि बमोजिमका समन्वय समितिका सदस्य सम्झनु पर्दछ ।

(५) **'कार्यालय'** भन्नाले समन्वय समितिको कार्यालय सम्झनु पर्दछ ।

(६) **'कोष'** भन्नाले समन्वय समितिको आर्थिक कोष सम्झनु पर्दछ ।

(७) **'स्थानीय तह'** भन्नाले गाउँपालिका सम्झनु पर्दछ ।

(८) **'गाउँपालिका'** भन्नाले चुलाचुली गाउँपालिका सम्झनु पर्दछ ।

## परिच्छेद २
## समन्वय समिति गठन तथा काम, कर्तब्य र अधिकार

राजेन्द्र फेरुङ
अध्यक्ष
चुलाचुली गाउँपालिका २०७३

**३. आदिवासी जनजाती समन्वय समिति गठन :**

(१) चुलाचुली गाउँपालिका भित्र आदिवासी जनजाती वर्गको हक अधिकार संरक्षण तथा संबर्द्धन गरी समतामुलक गाउँपालिकाको विकास गर्न दफा ७ बमोजिमको योग्यता पुगेको व्यक्तिहरु मध्येबाट गाउँपालिका अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाले आदिवासी जनजातीको हक अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिहरु मध्येबाट अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना, सहसचिव १ जना, कोषाध्यक्ष १ जना र सदस्य १० जना रहने गरी १५ (तेह्र) सदस्यीय आदिवासी जनजाती समन्वय समिति गठन गर्नेछ ।

(२) समन्वय समितिमा नेपाल आदिवासी जनजाती महासंघ गाउँ समन्वय परिषद अध्यक्ष वा प्रतिनिधि १ जना, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको प्रतिनिधि १ जना, आदिवासी जनजाती अभियन्ता ५ जना, आदिवासी लेखक, वकिल, अपाँग, युवा, विद्यार्थी तथा महिलाको प्रतिनिधि ५ जना, आदिवासी जनजाती सम्बन्धि जानकार बिज्ञ १ रहेछन् । समन्वय समितिको कूल संख्या मध्ये कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेछ ।

(३) समन्वय समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(४) समन्वय समितिको संरक्षक गाउँपालिका अध्यक्ष रहनेछ ।

(५) समन्वय समितिले बैठकमा सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रित गर्न सक्नेछन् ।

(६) समन्वय समितिको बैठक महिनामा एक पटक वा आवश्यकता अनुसार बस्नेछ ।

(७) बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ ।

(८) समन्वय समितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।

(९) समन्वय समितिको बैठकमा अध्यक्षता अध्यक्षले गर्नेछ, निजको अनुपस्थतिमा उपाध्यक्षले, उपाध्यक्षको पनि अनुपस्थिती रहेमा बैठकमा उपस्थित सदस्यहरुले छनौट गरेको सदस्यले अध्यक्षता गर्नेछ ।

(१०) समन्वय समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।

(११) समन्वय समितिको बैठकमा निर्णय भएका विषयहरुको बैठक पुस्तिकामा राखिनेछ र सो निर्णय पुस्तिकामा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुले दस्तखत गर्नु पर्ने छ । निर्णयमा असहमति जनाउनेहरुले असहमति मत राख्न पाउनेछन् । निर्णयको प्रमाणिकरण अध्यक्षले गर्नेछ ।

(१२) समन्वय समितिले गर्ने सम्पुर्ण कार्यसमितिको निर्णयबाट हुनेछ ।

(१३) माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भएता पनि समन्वय समितिले गाउँपालिकाको निर्देशन पालना गर्नु पर्नेछ ।

**४. समन्वय समितिको काम कर्तव्य र अधिकार :**

दफा ३ बमोजिम गठन हुने समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) आदिवासी जनजातीको सामाजिक, शैक्षिक आर्थिक, सांस्कृतिक विकास र उत्थानसंग सम्बन्धि योजना, नीति तर्जुमा र कार्यान्वयन गरी आदिवासी जनजातीको सर्वाङ्गीण विकास गर्ने ।

(२) समन्वय समितिको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई गाउँपालिकामा पेश गर्ने ।

(३) समन्वय समितिको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

(४) आदिवासी जनजातीको भाषा, साहित्य, कला, संस्कृति र इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने ।

(५) आदिवासी जनजातीका परम्परागत सीप, कला, प्रविधिको संरक्षण गर्दै त्यसलाई व्यवसायीक उपयोगका लागि भुमिका खेल्ने ।

(६) गाउँपालिका भित्र छरिएर रहेका विभिन्न आदिवासी जनजाती तथा सम्प्रदायबीच समन्वय गर्दै आपसमा सुमुधुर सम्बन्ध स्थापित गर्ने ।

राजेन्द्र फेरुङ

(७) आदिवासी जनजातीका सामाजिक, राजनीतिक हक अधिकार र मुद्दाका सवालहरुको सम्बन्धमा जनचेतना अभिबृद्धि गर्ने ।

(८) आदिवासी जनजाती मध्येका विपन्न र पिछडिएका समूहको आर्थिक तथा सामाजिक स्तर बृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(९) समन्वय समितिको तर्फबाट वा विरुद्धमा परेको मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुविधालाई सुरक्षित राख्ने ।

(१०) समन्वय समितिको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारसंग समन्वय गर्ने ।

(११) समन्वय समितिको कोष र सम्पति सुरक्षित गर्ने र बैंक खाता खोली कोष संचालन गर्ने

(१२) सहभागितामुलक योजना तर्जुमा प्रद्धतिमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्न सहजिकरण गर्ने ।

(१३) समन्वय समितिको उद्देश्य परिपुर्तिको लागि सल्लाहकार समिति, अन्य समिति, उपसमिति गठन गर्ने ।

(१४) कायविधि बमोजिमको व्यवस्था पालना गरी कार्यान्वयन गर्ने गराउने ।

(१५) समन्वय समितिको नाममा प्राप्त हुन आएको वा खरिद गरेको चल अचल सम्पत्तिहरुको संरक्षण गर्ने

(१६) समन्वय समितिको हितमा कार्यक्रमहरु संचालन गर्ने ।

**५. पद त्याग गर्न सक्ने :**

समन्वय समितिको अध्यक्षले समन्वय समितिको उपाध्यक्ष समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले समन्वय समितिको अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## परिच्छेद ३
## सदस्यता

**६. सदस्यता :**

यस कार्यविधिको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिक समन्वय समितिको पदाधिकारी तथा सदस्य हुन सक्नेछ ।

**७. समन्वय समितिका लागि आवश्यक योग्यता :**

समन्वय समितिको पदाधिकारी तथा सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

(१) गाउँपालिका भित्रका स्थायी बसोबास भएको आदिवासी जनजातीको नेपाली नागरिक ।

(२) १८ वर्ष उमेर पूरा गरेको ।

(३) मानसिक सन्तुलन नगुमाएको ।

(४) सार्वजनिक सम्पत्ती हिनामिना नगरेको ।

(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

(६) सदस्य हुन इच्छुक व्यक्ति संस्थाप्रति वफादार, कर्तव्यनिष्ठ र समाजसेवी भएको ।

(७) आदिवासी जनजातीहरुको हक अधिकारको क्षेत्रमा काम गरेको अनुभव भएको ।

**८. समन्वय समितिको पदाधिकारी तथा सदस्य पदमा बहाल रहन नसक्ने अवस्था :**

देहायका अवस्थामा कुनै पनि व्यक्तिले समन्वय समितिको पदाधिकारी तथा सदस्यको पद प्राप्त गर्न सक्ने छैन ।

(१) गैर नेपाली नागरिक ।

(२) १८ वर्ष उमेर पूरा नगरेको ।
(३) मगज बिग्रेको वा बौलाएको ।
(४) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।
(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ।
(६) सम्बन्धित समन्वय समितिको व्यवसायमा नीजि स्वार्थ भएको ।
(७) दामासाहीमा परेको ।
(८) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको एक वर्ष पूरा नभएको ।

**९. सदस्यताको समाप्ति :**

१. देहायको अवस्थामा कुनै व्यक्ति समन्वय समितिको सदस्यमा बहाल रहने छैन :
(१) यस निर्देशिकाको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
(२) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।
(३) समन्वय समितिको काम कारबाहीमा बेईमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
(४) यस निर्देशिका बमोजिम समितिले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।
(५) समन्वय समिति विघटन भै खारेज भएमा ।
(६) निजको मृत्यु भएमा ।

२. कुनै व्यक्ति समन्वय समितिको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सो कुराको सूचना दिई सफाई पेश गर्ने मौका दिनेछ ।

## परिच्छेद ५
## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

**१०. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

समन्वय समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१. अध्यक्षको काम कर्तव्य र अधिकार**
(१) समन्वय समितिको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।
(२) निर्णयक मत दिने ।
(३) समन्वय समितिको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
(४) समन्वय समितिको नेतृत्व लिने ।
(५) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।
(६) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।
(७) अभिलेख प्रमाणित गर्ने ।

**२. उपाध्यक्षको काम कर्तव्य अधिकार**
(१) अध्यक्षलाई सहयोग गर्ने ।
(२) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।
(३) अध्यक्षको अनुपस्थितीमा कार्यवाहक अध्यक्ष भई कार्य गर्ने ।

**३. सचिवको काम कर्तव्य र अधिकार**
(१) समन्वय समितिको सचिवालयको संचालन गर्ने ।

राजेन्द्र केरुङ
अध्यक्ष

(२) अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने ।
(३) अभिलेख सुरक्षित राख्ने ।
(४) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

**४. सहसचिवको काम कर्तव्य अधिकार**
(१) सचिवलाई सहयोग गर्ने ।
(२) सचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।
(३) सचिवको अनुपस्थितीमा निजको कार्य गर्ने ।

**५. कोषाध्यक्षको काम कर्तव्य र अधिकार**
(१) समन्वय समितिको कोषको रेखदेख र संचालन गर्ने ।
(२) बैठकमा वार्षिक कार्यक्रम र बजेट पेस गर्ने ।
(३) लेखा दुरुस्त राख्ने ।
(४) नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने ।

**६. सदस्यहरुको काम र कर्तव्य र अधिकार**
(१) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
(२) समन्वय समितिको कार्यमा रचनात्मक भुमिकाको निर्वाह गर्ने ।
(३) तोकिएको अन्य काम गर्ने ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

**११. समन्वय समितिको कोष :**
१. समन्वय समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको रकमहरु जम्मा हुनेछन् ।
(१) गाउँपालिकाबाट वियोजित रकम ।
(२) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापतको रकम ।
(३) विदेशी व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।
(४) अन्य अनुदान वा सहयोग वापत प्राप्त रकम ।
(५) संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट अनुदान वा सहयोग वापत प्राप्त रकम ।
(६) समन्वय समितिको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रिबाट प्राप्त रकम ।

**१२. खाता संचालन :**
समन्वय समितिको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

**१३. कोषको रकम खर्च गर्ने तरिका :**
समन्वय समितिको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।
(१) समन्वय समितिको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।
(२) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन गाउँपालिकामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।
(३) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

**१४. समन्वय समितिको लेखा र लेखा परिक्षण :**

राजेन्द्र केरुङ
अध्यक्ष

(१) समन्वय समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राख्नु पर्नेछ ।

(२) समन्वय समितिको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट गराउनु पर्नेछ ।

(३) गाउँपालिकाले जुन सुकै बखतमा पनि कर्मचारीहरु खटाई समन्वय समितिको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

(४) समन्वय समितिको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति गाउँपालिकामा पेश गनुपर्नेछ ।

## परिच्छेद ७
## विविध

**१५. कर्मचारीको व्यवस्था :**

दैनिक कार्य सञ्चालन गर्न, योजना तथा कार्यक्रम सञ्चालन गर्न, समन्वय समितिले गर्ने अन्य कार्यहरुको लागि कर्मचारी आवश्यक पर्ने भएमा समन्वय समितिले आफ्नो आय स्रोतका आधारमा सेवा, सुविधा र सेवाका अन्य शर्तहरु तोकी कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

**१६. समन्वय समितिको खारेजी :**

समन्वय समितिको खारेजी प्रचलित कानून बमोजिम हुनेछ ।

**१७. निर्देशनको पालना :**

गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु समन्वय समितिको कर्तव्य हुनेछ ।

**१८. पद तथा गोपनियताको शपथ :**

पद तथा गोपनियताको शपथ समन्वय समितिको अध्यक्षलाई गाउँपालिका अध्यक्षले र अन्य पदाधिकारी तथा सदस्यहरुलाई समन्वय समितिको अध्यक्षले गराउने छ । सपथ ग्रहणको ढाँचा अनुसुची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

**१९. कार्यविधि संशोधन :**

(१) यस कार्यविधि संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(२) उक्त संशोधन प्रस्ताव कार्यपालिकाबाट स्वीकृती भएपछि मात्र कार्यविधि संशोधन भई कार्यान्वयन हुनेछ ।

**२०. बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकार :**

यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै अन्यौल भएमा बाधा अड्काउ फुकुवा वा व्याख्या गर्ने अधिकार कार्यपालिकाको बैठकलाई हुनेछ ।

राजेन्द्र केरुङ्
अध्यक्ष

राजेन्द्र केरुङ्ग
अध्यक्ष

अनुसुची-१

दफा १८ संग सम्बन्धित

सपथ ग्रहण फारम

इलाम्तुली गाउँपालिका २०७३

म ............ **गाउँपालिका स्तरीय आदिवासी जनजाती समन्वय समिति** को अध्यक्ष/उपाध्यक्ष/ सचिव /कोषाध्यक्ष/सहसचिव/सदस्य पदमा रही मलाई तोकिएको जिम्मेवारी मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म र कर्तब्य सम्झी समिति प्रति बफादार रही, भय पक्षपात र द्वेष नराखि, लोभ लालज नगरी इमान्दार भई काम गर्नेछु । मलाई ज्ञात हुन आएको समन्वय समिति र पदसंग सम्बन्धित कुनै गोप्य कुरा अनाधिकृत व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा जानकारी गराउने छैन भनि (आफ्नो आस्थामा विराजमान ईश्वरको नाम) ...........................नाममा निष्ठासाथ यो शपथ लिन्छु ।

सपथ ग्रहण गर्नेको

नाम :

दस्तखत :

मिति :

पद :

राजेन्द्र केरुङ्ग
अध्यक्ष

सपथ ग्रहण गरेको प्रमाणित गर्नेको

नाम :

दस्तखत :

मिति :

पद :